"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

प्रेस विज्ञप्ति

मितिः २०७९/०९/०१

१. ईण्डियन आयल कर्पोरेशनबाट निगमलाई आज (16th Dec, 2022) मा प्राप्त मूल्य सुची केही घटेर आएको सन्दर्भमा स्वचालित मूल्य कार्यान्वयन कार्यविधि २०७९ बमोजिम निगम व्यवस्थापनको मिति २०७९/०९/०१ को निर्णय अनुसार आज राती १२:०० बजेदेखि लागू हुनेगरी पेट्रोल र डिजेल/मट्टितेलको साविकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर रु.३।०० ले घटाई पेट्रोलमा प्रति लिटर रु.१७८।०० र डिजेल/मट्टितेलमा प्रति लिटर रु.१७५।०० कायम गरिएको छ । एल. पी. ग्यास र हवाई इन्धन (आन्तरिक तथा बाह्य) को खुद्रा बिक्री मूल्य भने हाललाई यथावत् नै राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्म पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ ।

क्र.सं.	पेट्रोलियम पदार्थ	हालको बिक्री मूल्य (प्रति लिटर/प्रति सिलिण्डर)	मिति २०७९/०९/०१ को राती १२:०० बजेदेखि लागू हुने गरी कायम गरेको नयाँ खुद्रा बिक्री मूल्य (प्रति लिटर)
१.	पेट्रोल	रु. १८१।००	रु. १७८।००
२.	डिजेल	रु. १७८।००	रु. १७५।००
३.	मट्टितेल	रु. १७८।००	रु. १७५।००
४.	हवाई इन्धन (आन्तरिक)	रु. १९०।००	रु. १९०।००
५.	हवाई इन्धन (बाह्य)	$ १।६४५	$ १।६४५
६.	एल. पी. ग्यास (प्रति सिलिण्डर)	रु. १,८००।००	रु. १,८००।००

३. निगमले नेपाल सरकार र ईण्डियन आयल कर्पोरेशन लिमिटेडलाई डिसेम्बर २०२२ मा तिर्नुपर्ने नियमित भुक्तानी सहित करिब रु. १९ अर्ब तिर्न बाँकी रहेको अवस्थामा समेत आम उपभोक्तालाई सहज एवं सरल ढङ्गबाट पेट्रोलियम पदार्थ बिक्री वितरण गर्ने व्यवस्था मिलाउँदै आईरहेको छ। ईण्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारद्वारा उपलब्ध गराईएको ऋणको व्यवस्थापन गर्न निगमलाई अझै चुनौती नै रहेको अवस्था छ ।

धन्यवाद् ।

२०७९/९/१